# गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुरी,दोलखा
३ नं. प्रदेश, नेपाल

# स्टेश्नरी, मसलन्द तथा कार्यालय संचालन सम्बन्धि सामानहरु आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०६/०७ गते**

१) यस गाउँपालिकालाई आवश्यक पर्ने स्टेश्नरी, मसलन्द तथा कार्यालय संचालन सम्बन्धि सामानहरु आपुर्ति गर्न इच्छुक र ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मिति देखि ३० औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र र निवेदन बोलपत्र फाराम दस्तुर रु ३०००। साथ पेश गरेपछि नियमानुसार बोलपत्र फाराम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट उपलव्ध गराइने छ । बोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको हिमालयन बैंक लिमिटेड, गौरीशंकर शाखा , दोलखाको आन्तरिक आय खाता नं.०५६०७६५०३९००१८ मा जम्मा गरी सो को भौचर पनि पेश गर्न सकिनेछ ।

३) बोलपत्र पेश गर्दा आफुले सप्लाई गर्न चाहेको बोलपत्र खरिद गरी बाहिर खाममा आपूर्ति गर्न चाहेको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाइं पेश गर्नु पर्नेछ ।

४) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा आई बोलपत्र दर्ता गराउन सकिने छ ।

५) बोलपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा रहेको हिमालयन बैंक लिमिटेड, गौरीशंकर शाखा, दोलखाको धरौटी खाता नं. ०५६०७६५०३९००१४ मा जम्मा गरि सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानी पत्र (बिडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत बापतको भौचर वा बिडवण्ड यो सूचना प्रकाशित भएको मिति भन्दा पछाडिको मितिको हुनपर्ने छ ।

६) दर्ता हुन आएका सिलबन्दी फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) बोलपत्र सम्वन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछन् ।

९) अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४,सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

१०) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्वर ०४९६९१३५१ वा मोवाइल नं. ९८५१२४९२०७ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ । कार्यालयको **website : www.Gaurishankarmun.gov.np** मा पनि हेर्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | ला.ई. रकम (भ्याट बाहेक) रु. | जमानत रकम रु. |
|---|---|---|---|
| GRM/NCB/Goods/ DOLAKHA/01/2076-077 | Supply & Delivery of Stationary and Official goods | ३५,००,०००।- | १,०२,०००।- |

प्रमुख प्रशासकिय अधिकृत